# व्यवसायिक बंगुरपालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## दलदले, नवलपरासी

२३-२५ चैत्र २०७८

C-10 Piggery Training, Daldale, Nawalparasi 06-08 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय दलदलेले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र २३ गतेदेखि २५ गतेसम्म नवलपरासी जिल्लाको दलदलेमा **"व्यवसायिक बंगुर पालन तालिम"** सम्पन्न गरेको छ । देवचुली नगरपालिकाको नगर प्रमुख श्री पुर्ण कुमार श्रेष्ठको प्रमुख आतिथ्यता तथा पशु सेवा कार्यालय रजहरका अधिकृत श्री सत्यनारायण गोइत तथा निर्धन उत्थान क्षेत्रीय कार्यालय भरतपुरका कार्यकम अधिकृत श्री रिता रेग्मीको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई पशु सेवा कार्यालय रजहरका पशु प्राविधिक डा. श्याम कृष्ण तिवारी, अधिकृत श्री बिजय ढकाल, तथा अधिकृत श्री सत्यनारायण गोइतले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि श्री पुर्ण कुमार श्रेष्ठले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुसी व्यक्त गर्नु भएको थियो । साथै संस्थाले ऋण दिएर मासिक रुपमा किस्ता उठाइ हाल्नु भन्दा लगानी भएको रकम बाट प्रतिफल दिन शुरु भए पछि किस्ता उठाउन शुरु गरेमा अझ राम्रो हुने सुझाव दिनु भएको थियो । पशु सेवा कार्यालय रजहरका अधिकृत श्री सत्यनारायण गोइतले लक्षित वर्गमा वित्तीय सेवा मात्र नभई महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रम प्रभावकारी रहेको साथै यस तालिमले ब्यवसाय गरी रहेका सदस्यहरुलाई बंगुरपालन सम्बन्धी थप ज्ञान प्रदान गर्ने बताउनु भएको थियो । कार्यकम अधिकृत श्री रिता रेग्मीले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमी बाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो । उक्त तालिममा २ जना सदस्यहरु लाई श्रीमानको मृत्यु बापतको बीमा क्षतिपुर्ति रकम तथा २०७८ सालको माध्यमिक शिक्षामा उत्कृष्ट अंक प्राप्त गरेका १ जना छात्र लाई डा.हरिहर देव पन्त स्मृति छात्रबृत्ति समेत हस्तान्तरण गरिएको थियो ।

तालिममा बंगुरपालन व्यवसाय एक परिचय, नेपालमा बंगुरपालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, बंगुरका बिभिन्न जातहरू, खोर निर्माण, ब्रिडिङ, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी बंगुरको पहिचान, बंगुरमा लाग्ने रोगहरू (परजिवि जिबाणु र मेटावोलिक), बंगुरमा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बंगुरको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परिजिविहरूको नियन्त्रणका साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बंगुरपालनको महत्व, कमि कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकहरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री संगिता आले तथा श्री फुल कुमारी महतोले मन्तव्य राखेका थिए । व्यवसायिक रूपमा बंगुरपालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरू लाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए । तालिम कार्यक्रमको संयोजन संस्थाका दलदले शाखा प्रमुख श्री नबिन गुरुङले गर्नु भएको थियो ।